# ८ निर्दोषको रगत

*<u>यस अध्यायका मूल पदहरू:</u>* अय्यूब १०, यशैया ५३:६, रोमी ३:१०-२०, अय्यूब १५:१४-१६, अय्यूब १:१८-२० र मत्ती ६:३४।

*<u>यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:</u>* **"विश्वास भनेको हामीले के आशा गर्छौं त्यसको निष्ठामा रहिरहनु हो। हामीले नदेखेतापनि त्यो आशाप्रति निश्चित भएर बस्नु नै विश्वास हो।" (हिब्रू ११:१ रूपान्तरित)।**

मानव कष्टको बारेमा चिन्तन गर्दा गर्दा त्यससँग संघर्ष गर्ने अल्जेरियाको प्रख्यात लेखक अल्बर्ट कामुसले *द प्लेग (The Plague अर्थात् महामारी)* भन्ने पुस्तक लेखेका थिए। मानिसमा हुने दुःख र पीडाले गर्दा उसलाई पिरोल्ने भएकोले त्यसलाई व्याख्या गर्न महामारी भनेर संज्ञा दिएको थियो। उनले एक जना सानो बालकको बारेमा लेखेका थिए। त्यस बालक नराम्रो रोगको मारमा परेर अत्यन्त कष्टका साथ मरेको थियो। अत्यन्त भयङ्कर दुःख पाएर मरिरहेको बालकलाई हेर्ने चर्चको पास्टरले त्यस बालकलाई उपचार गर्ने डाक्टरलाई भनेः "त्यस्तो दुःख पाएर मर्नु अत्यन्त वाक्क लाग्दो छ र हामीहरूको मानव दिमागले त्यो बुझ्न सक्दैन। शायद हामीले नबुझेको कुरालाई माया गरि राख्नुपर्छ होला।" त्यस डाक्टरले रिसाएर जवाफ दिए, "होइन, पास्टर बाबु। प्रेम वा मायाको बारेमा मेरो दिमागमा अर्कै व्याख्या छ। म नमरुञ्जेल बालबालिकालाई सताएर दुःख दिने खालको प्रेमको योजनालाई स्वीकार गर्दिंन।"- (न्यु योर्कः फर्स्ट भिन्टाज इन्टरनाशनल इडिशन, १९९१), पृ. २१८बाट रूपान्तरित।

अय्यूबको मामिलामा हामीले जे हेर्‍यौं त्यो उपरोक्त कथाले देखाउँछः जुन् कमजोर तरिकाले अय्यूबका मित्रहरूले उनको आलोचना गरे त्यसले मानव दुःखको समस्याको वास्तविकता बुझ्न त्यति सजिलो छैन भनेर देखाउँछ। त्यस डाक्टरले जस्तो अय्यूबलाई थाहा थियो कि कमजोर जवाफले मानव समस्याको समाधान हुँदैन। त्यसैकारण हाम्रो सामु यो चुनौति खडा भएको छः "अर्थहिन समस्याको अर्थपूर्ण जवाफ हामीले कहाँ पाउने त? यस अध्यायमा त्यसको जवाफ पाउन हामीले निरन्तर प्रयास गर्नेछौं।

## १. अय्यूबले दुःखेको पोखाउँछ (अय्यूब १०)

निःसन्देह, परमेश्‍वरको हिसाबकिताबमा एलिपज, बिल्दद र सोफर भनेका कुरामा केही हदमा सत्यता थियोः परमेश्‍वरले दुष्टलाई दण्ड दिनुहुन्छ। तर त्यो परिस्थिति अय्यूबको थिएन। परमेश्‍वरको न्यायोचित दण्डले गर्दा अय्यूबले पीडा भोगिरहेका थिएनन्। बाइबलका पछिका पात्रहरू जस्तै कोराह, डथान् र अबिरामको पापले गर्दा परमेश्‍वरबाट दण्ड पाएका जस्तै अय्यूबले दण्ड पाएको थिएन। (कोराह, डथान् र अबिरामले परमेश्‍वरका अगुवा मोशाको बिरुद्धमा बिद्रोह गरेका थिए जसको फलस्वरुप तिनीहरूले परमेश्‍वरबाट दण्ड भोग्नुपरेको थियो। त्यसको बारेमा विस्तृत विवरण गन्ती १६:१-४०मा पाइन्छ)। अर्थात् अय्यूबले आफूले गरेको पापको फल भोगिरहेको थिएन। अहँ, अय्यूब धर्मी र पवित्र मानिस थियो। उनको बारेमा परमेश्‍वर आफैले प्रशंसा गर्नुभएको थियो (अय्यूब १:८)। त्यसकारण अय्यूबले जे दुःख पाए त्यो उनको निम्ति उचित थिएन। उनले भोगिरहेको पीडा अनावश्यक थियो भनेर उनलाई थाहा थियो।

अय्यूबले परमेश्‍वरसँग के गुनासो पोखाइरहेका थिए? उनको अवस्थालाई हेर्दा उनको गुनासो किन जायजै देखिन्छ? हेर्नुहोस अय्यूब १० अध्याय " १ "मेरो जीवनलाई नै म घृणा गर्दछु। यसर्थ मेरो दुःख नरोकी म पोखाउनेछु, र म मेरो मनको पीरमा बोल्नेछु, २ म परमेश्‍वरलाई भन्नेछुः मलाई दोषी नठहराउनुहोस्, तर मेरो विरुद्धमा भएका तपाईंका अभियोग मलाई बताइदिनुहोस्, ३ के तपाईं आफ्नो सारा हातका कामलाई तुच्छ ठानी ममाथि अत्याचार गर्न खुशी हुनुहुन्छ, जब कि दुष्टहरूको योजनामा तपाईं हाँस्नुहुन्छ। ४ के तपाईंका मानिसका जस्ता आँखा छन्? के तपाईं मरणशील मानिसझैं देख्नुहुन्छ? ५ के तपाईंका दिन मरणशील मानिसका जस्तै छन्? अथवा तपाईंको आयु मानिसको जस्तै छ? ६ र तपाईं ममा दोष खोज्नुहुन्छ, र मेरा पापको खोजपत्ता गर्नुहुन्छ? ७ यद्यपि म निर्दोष छु अनि तपाईंको हातबाट कसैले मलाई बचाउन सक्दैन भनी तपाईं जान्नुहुन्छ। ८ "तपाईंकै हातले मेरो आकार बनाए अनि मलाई सृष्टि गरे, के अब फर्केर तपाईं मलाई नाश गर्नुहुन्छ? ९ यो कुरा सम्झनुहोस् कि तपाईंले नै मलाई माटोलाई झैं आकार दिनुभयो, के अब मलाई धूलैमा परिणत गर्नुहुन्छु? १० के तपाईंले मलाई दूधझैं खन्याउनुभएको होइन? र दहीझैं मलाई जमाउन लगाउनुभएको होइन? ११ के तपाईंले मलाई मासु र छालाले पहिऱ्याउनुएको होइन? र हड्डी र

नसाहरूले मलाई गाँस्नुभएको होइन? १२ तपाईंले मलाई जीवन प्रदान गर्नुभयो, र आफ्नै निगाहमा मलाई राख्नुभयो, अनि मेरो आत्मालाई तपाईंकै ईश्वरीय अनुग्रहले देखरेख गर्‍यो। १३ "तर यसलाई तपाईंले हृदयमा गुप्त राख्नुभयो, अनि म जान्दछु कि यो तपाईंको मनमा थियो, १४ यदि मैले पाप गरेको भए तपाईंले मलाई हेरिरहनुहुन्थ्यो, र मेरो दोषबाट मलाई तपाईंले छोड्नुहुनेथिएन। १५ म साँच्ची नै दुष्ट छु भने, मलाई धिक्कार होस्। म निर्दोष छु भने पनि मेरो शिर म खड़ा गर्न सक्दिनँ, किनभने लाजले भरिएर म मेरो कष्टमा झुकेको छु। १६ यदि म अभिमानी भए, सिंहझैं तपाईं मलाई खोज्नुहुन्छ, र फेरि भयानक शक्तिले तपाईं मेरो सामना गर्नुहुन्छ। १७ तपाईं मेरो विरुद्धमा नयाँ साक्षी ल्याउनुहुन्छ, र मप्रति रीस बढ़ाउनुहुनेछ। मेरो विरुद्धमा तपाईंका लहर-लहर फौज आउनेछन्। १८ "तपाईंले किन मलाई गर्भबाट निकाल्नुभयो म त्यहीं नै खतम भएको र कुनै आँखाले पनि मलाई नदेखेको भए त हुनेथियो! १९ म हुँदै नभएको भए वा गर्भैबाट चिहानमा पुर्‍याएको भए हुनेथियो! २० के मेरो छोटो जीवन बितिजाने समय भएन र? २१ अन्धकारको देशमा जान अघि, घनघोर अन्धकारको देशबाट कहिल्यै नफर्कनु अघि, २२ छायाहरू जम्मा हुने देश, अँध्यारो व्याप्त हुने देश, उज्यालोको किरणले प्रकाश नदिएको देश, निस्पट्ट अँध्यारोमा जान अघि, मबाट फर्कनुहोस् र केही क्षणको निम्ति म सुखी हुन सकूँ।"

महाशङ्कष्टमा परेर दुःख भोगिरहेको बेलामा परमेश्वरलाई विश्वास गर्नेहरूले पनि त्यही खालका दुखेसो उहाँलाई पोखाउँदैनन् र? *तपाईंले मलाई सृष्टि गर्न नै किन रुची देखाउनुभयो? वा तपाईंले मलाई यस्तो किन दुःख दिइरहनुभएको हो? यस्तो दुःखको सामना गर्न के म नजन्मेको भए नै जाति हुने थिएन?*

अझ अय्यूबले यो स्वीकार गर्न किन मुश्किल भएको थियो भने उनलाई थाहा थियो कि परमेश्वरप्रति निष्ठा देखाउन उनी कुनै कुरामा चुकेका थिएनन्। अनि उनले परमेश्वरमा आफ्नो चित्कार पोखाउँछन्ः "तपाईंले थाहा नै छ कि म निर्दोष छु। तपाईंको शक्तिशाली हातबाट मलाई कसैले पनि उद्धार गर्न सक्दैन।" (अय्यूब १०:७ रूपान्तरित)।

यहाँ अलमलमा पार्ने एउटा विषयवस्तु छः उनका साथीहरूले फरक ढङ्गले भने होलान्, आफ्नो पापको कारणले अय्यूबले दुःख पाइरहेका थिएनन्। तर त्यस पुस्तकले ठिक उल्टो सिकाउँछः *परमेश्वरमाथि अत्यन्त अत्यन्त*

*विश्वास वा निष्ठा राखेकोले नै उनले दुःख पाइरहेका थिए।* अय्यूबको पुस्तकको प्रथम् दुई अध्यायले त्यो कुराको पुष्टि गर्न खोज्दछ। वास्तविक रूपमा अय्यूबले किन दुःख पायो त्यो कुरा उनलाई जानकारी थिएन। यदि उनले थाहा पाएको भए उनको तितो र दिग्दारीपना झन नराम्रोसँग खन्याउँथे।

**अय्यूबको परिस्थिति विशेष खालको थियो। तर उनको त्यो अवस्था जगतव्यापी छ। दुःखकष्टको मामिलामा सोच्दा मानिसले गरेको नराम्रो काम भन्दा अत्यन्त भयानक परिणाम उसले भोगिरहेको छ। अन्यायपूर्वक दुःख पाइरहेको भनेर सोच्ने मानिसलाई तपाईंले के भन्न सक्नुहुन्छ?**

## २. निर्दोषको रगत? (१ राजा ८:४६)

निर्दोष मानिसहरू बिनासित्तिमा किन दुःख पाइरहेको भनेर हामीले दिक्क मानेर कुरा गर्छौं। बाइबलले पनि त झन निर्दोष वा अनजान मानिसहरूको रगत भन्ने शब्दहरू प्रयोग गर्दछन् (यशैया ५९:७, यर्मिया २२:१७, योयल ३:१९)। कुनै दोष नभएको व्यक्तिले यातना पाउनु, पिटाई खानु र मर्नुपर्दा ती शब्दहरू प्रयोग गरिन्छ। निर्दोषको रगत भन्नुको अर्थ बुझ्न यस संसारका छापाहरूमा उल्लेखित खबरहरू पढ्नुपर्छ किनभने यस संसार निर्दोषै निर्दोषहरूको रगतले भरिएका धेरै समाचारहरू छापिरहेको हामी पढ्न सक्छौं।

तर मानिसको पाप कत्तिको वास्तविक र भयानक छन् भनेर बाइबलले चर्चा गर्दछ। निर्दोषको रगत भनेको के हो भन्ने असल प्रश्नको अर्थ खोतल्नु जरुरी छ। यथार्थमा बाइबलले भनेको अनुसार यदि सबैले पाप गरेका छन् र सबैले परमेश्वरका नितिहरू वा दश आज्ञाहरूलाई लत्याएका छन् भने साँच्चिकै को निर्दोष हुनसक्छ? कसैले यसरी व्यक्त गरेका थिए "तपाईंको जन्म दर्ताको प्रमाणपत्रले तपाईं दोषी ठहरिएको देखाउँछ।"

पापसँग मानिसको सम्बन्ध के छ भनेर बाइबलका चिन्तकहरूले सयौं वर्षसम्म बहस गरिरहेको पाउँछौं। तर पापले गर्दा यस पृथ्वीका सबै मानिसहरूको जीवनलाई प्रभाव पारेको छ भनेर बाइबलले स्पष्टसँग बताउँछ। नयाँ करारले मात्र मानिसको पापको बारेमा चर्चा गरिएको छैन। बरू पुरानो करारमा जे लेखिएको थियो त्यसभन्दा बढि मात्रामा नयाँ करारले थपिएको थियो।

पाप कुनै मनगढन्ते वा काल्पनिक नभएर वास्तविक हो भनेर देहायका पदहरूले कसरी सिकाउँछ? हेर्नुहोस्: १ राजा ८:४६-५०मा राजा सोलोमनको परमेश्वरसँग अनुरोध "४६ "जब तिनीहरूले तपाईंको विरुद्धमा पाप गर्छन्– किनकि पाप नगर्ने मानिस कोही पनि छैन– र तपाईं तिनीहरूसित रिसाएर तिनीहरूलाई शत्रुको हातमा दिनुहुन्छ र त्यसले तिनीहरूलाई टाढ़ा वा नजिक आफ्नो देशमा कैद गरेर लग्छ, ४७ र यदि तिनीहरूलाई कैद गरेर लगेको देशमा तिनीहरूले दु:ख पाएकोले गर्दा मन बद्लेर त्यस देशमा पश्चात्ताप गरी तपाईंलाई अर्ज-बिन्ती गरी यसो भने भनेदेखि, 'हामीले पाप गऱ्यौं, हामीले भूल गऱ्यौं, र हामीले खराब काम गऱ्यौं,' ४८ र यदि तिनीहरूलाई कैद गरेर लाने तिनीहरूका शत्रुहरूको देशमा तिनीहरू फेरि आफ्ना सारा हृदय र प्राणले तपाईंतिर फर्केर तिनीहरूका पिता-पुर्खाहरूलाई तपाईंले दिनुभएको देश र तपाईंले चुन्नुभएको यो सहर र तपाईंका नाउँको निम्ति मैले बनाएको यस मन्दिरतिर फर्केर तपाईंमा प्रार्थना गरे भने, ४९ तब आफ्नो वासस्थान स्वर्गबाट तिनीहरूको प्रार्थना र अर्ज-बिन्ती सुन्नुहोस् र तिनीहरूको कारणलाई समर्थन गरिदिनुहोस्। ५० अनि तपाईंको विरुद्धमा पाप गरेका तपाईंका प्रजालाई माफ दिनुहोस्, र तिनीहरूका सबै अपराधहरू क्षमा गर्नुहोस्, र तिनीहरूका विजयीहरूलाई तिनीहरूमाथि कृपा देखाउन लगाउनुहोस्।" भजन ५१:५ "साँच्चै, म जन्मँदा नै पापी थिएँ, र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ।", हितोपदेश २०:९ " कसले भन्न सक्छ, "मैले आफ्नो हृदय शुद्ध राखेको छु, म सफा र पापरहित छु" , यशैया ५३:६ "हामी सबै भेड़ाझैं बरालिएका छौं। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ।" र रोमी ३:१०-२० " १० जसो लेखिएको छ, "धर्मी कोही छैन, एक जना पनि छैन, ११ बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन। १२ ती सबै बरालिएका छन्, तिनीहरू एकसाथ बेकम्मा भएका छन्। कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन।" १३ "तिनीहरूका घोक्रा खुला चिहान हुन्, तिनीहरू आफ्ना जिब्राले छलका कुरा गर्छन्।" "सर्पको विष तिनीहरूका ओठमा छ।" १४ "तिनीहरूका मुख सराप र तीता कुराले भरिएका छन्।" १५ "तिनीहरूका खुट्टा रक्तपात गर्नलाई छिटा छन्। १६ विनाश र दुर्दशा तिनीहरूको बाटोमा छन्, १७ र शान्तिको बाटो तिनीहरूले चिनेका छैनन्।" १८ "तिनीहरूका आँखाको सामने परमेश्वरको भय छैन।" १९ अब हामी

जान्दछौं, जे-जति व्यवस्थाले भन्छ, व्यवस्थामुनि हुनेहरूलाई नै भन्छ, कि हरेक मुख चूप रहोस्, र सारा संसार परमेश्वरको अगि जवाफदेही होस्। २० यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ।"

**मानिस पापी छन् भन्ने विषयमा धर्मशास्त्र बाइबल स्पष्ट छ। परमेश्वरसँग घनिष्ठ सम्बन्ध राख्ने जोकोही पनि वा उहाँ असल र पवित्र हुनुहुन्छ भनेर थाहा पाउनेहरूले मानिसको पाप अत्यन्त घिनलाग्दो छ भन्ने महसुस गरेको हुन्छ। त्यस परिप्रेक्ष्यमा हामी जोकोही पनि चाहे दुधे बालक नै किन नहोस् वा बालबालिका नै किन नहोस् कसले भन्न सक्छ र म निर्दोष वा पापरहित छु?**

**तर अय्यूबको मामिलामा त्यो विषयबस्तु औंल्याउन खोजेको होइन। अय्यूब पापी त छ नै। त्यस परिप्रेक्ष्यमा उनी निर्दोष त छैन। तैपनि उनले के गरे जसले गर्दा उनी त्यस भिषण पीडामा सहभागी हुनुपर्‍यो? मानव पीडाको बारेमा त्यही खालको प्रश्न के सबैले सोधिरहेको छैन र? अय्यूबका मित्रहरूले माटोको पक्षमा विवाद गर्ला (अय्यूब १३:१२ रूपान्तरित)। तर अय्यूबलाई यो थाहा थियो कि उनलाई जे भइरहेको थियो त्यसमा भागी हुनु उनको निम्ति अन्याय भएको थियो।**

परमेश्वरको बारेमा आत्मज्ञान थाहा पाएर र उहाँको पवित्रताको बारेमा थाहा पाएर हामीलाई क्रुसको महान् आवश्यकता छ भनेर कसरी बुझ्न खोज्ने? (विशेष गरेर हामी पापी छौं भनेर स्वीकार गरेपछि येशूको आवश्यकताको महसुस हुन्छ)।

## ३. अन्यायमा मर्नेहरू (अय्यूब १५:१४-१६)

परमेश्वरको बारेमा पर्याप्त ज्ञान नभएतापनि एलिपाजले केही हदसम्म के सत्य कुरा अय्यूबलाई बोलिरहेका थिए? हेर्नुहोस् अय्यूब १५:१४-१६ "१४ के कुनै मानिस साँच्चै पवित्र हुन सक्छ? के कुनै मानिस परमेश्वरको नजरमा धर्मी हुन सक्छ र? १५ परमेश्वरले आफ्नै स्वर्गदूतहरूमाथि पनि भरोसा राख्नुहुन्न। उहाँको नजरमा तिनीहरू पनि पवित्र छैनन्। १६ मानिसको त झन् थोरै कदर छ, मानिस घिनलाग्दो र सडेको छ। उसले पानीझैं दुष्टता पिउँछ।"

यहाँ एलिपजले केही हदसम्म अरूले जस्तै सत्य बोलिरहेका थिए (सत्य कुरा जसले भनेतापनि त्यो असत्य हुनसक्दैन-अनुवादकको टिप्पणी)। सारा मानिसहरूको पापलाई एलिपजले चिरफार गरि देखाएका थिए मानौं उनी सबै मानिसहरूको सम्बादाता हुन्। यस पृथ्वीमा पाप अपरिवर्तनिय तथ्य हो। त्यसको साथै दुःखकष्टलाई पनि कसैले परिवर्तन गर्न सक्दैनन्। पापले गर्दा नै मानव जीवनमा दुःख आइरहेको छ। हामीहरूको दुःखकष्टद्वारा परमेश्वरले हामीहरूलाई केही न केही महत्वपूर्ण पाठ सिकाइरहनुभएको हुन्छ। "परमेश्वरले जहिलै पनि उहाँका जनहरूलाई दुःखकष्टको आगोको भट्टीमा पगाल्न चाहनुहुन्छ। दनदन बलिरहेको आगोको भट्टीमा उहाँले येशूभक्तहरूमा भएका अशुध्द र बेकारका स्वभावहरूलाई पगालेर जलाउनुहुन्छ ताकि तिनीहरूमा भएका शुद्ध वा तेजावी सुनरूपी चरित्रलाई अलग गर्न सकुन्।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १२९बाट रूपान्तरित।

हो, मानव कष्टमा अत्यन्त गहिरो समस्या हामीहरूको सामु खडा हुनसक्छ। कष्टपीडा भोग्दा भोग्दै पनि त्यसबाट असल कुरा केही पनि निस्केन भने के गर्ने त? कोही मानिसहरूमा सुनलाई अलग गर्ने अशुद्ध कुरा नहोला वा बेकारका कुराहरू नहोला, तैपनि तिनीहरूको मृत्यु कुनै दुर्घट्नाबाट च्वात्तै मऱ्यो भने त्यसलाई के भन्ने? सत्य परमेश्वरको बारेमा ज्ञानै थाहा नपाइ मर्नेहरूको बारेमा के भन्ने त? फेरि दुःखकष्ट पाउँदा परमेश्वरप्रति वितृष्णा, आक्रोस, तितोले ग्रस्त भएर उदासिन हुनेहरूको बारेमा के भन्ने? हामीहरूकै माझमा भएका त्यस्ता मानिसहरूबाट हामीले आँखा चिम्लनुहुन्न न त तिनीहरूलाई सम्झाउन दुःखको बारेमा जटिल प्रश्नको चित्तबुझ्दो जवाफ नै दिन सक्छौं। यदि हामीले जवाफ दिन सक्यौं भने हामीहरूको अल्प ज्ञानले गर्दा शायद अय्यूबका मित्रहरूले जस्तै तिनीहरूको दुःखमा आलोचना गरेर दोषी हुन जान्छौं होला।

फेरि डढेलो वा बनमा आगो लागेर पशूहरू जिउँदै बिस्तारै मरिरहेको सन्दर्भमा के भन्ने त? त्यसबाट के असल कुरो निस्कन्छ त? वा प्राकृतिक प्रकोप, जस्तै भुकम्प, बाढिपहिरो आदिले हजारौं मानिसहरू मरिरहेको बारेमा हामीहरूको केही व्याख्या छ? वा मानिसहरू युद्ध वा आतङ्ककारीको मारमा मरिरहेको बारेमा के भन्ने त? त्यस्ता अमानविय वा मानविय प्रकोपबाट परिवारहरूलाई स्वत्तर पारेर नाश गर्छ भने त्यसबाट हामीले के पाठ सिक्न सक्छौं र? अय्यूबका दश जना छोराछोरीहरू परमेश्वरको तरवारले (अय्यूब

१:१५) मारिन्दा के भन्ने? वा परमेश्वरबाट चटयाङ्ग परेर (अय्यूब १:१६) अरूहरू मर्दा वा शत्रुहरूको तरवारले (अय्यूब १:१७) अय्यूबका नोकारचाकरहरू मर्दा के जवाफ दिने?

त्यस्तो भिषण परिस्थितिमा अय्यूब र उनका मित्रहरूले के पाठ सिके त? परमेश्वरमाथि अय्यूब निष्ठावान भयो भन्दैमा शैतानले कस्तो हारको सामना गर्छ र? उसलाई फाइदा नै के छ र? जुन रूपमा मानिसहरू अनेकन दुःखकष्ट पाएर मर्छन् त्यो मानविय हिसाबमा अत्यन्त अन्याय र अनुचित भएको देखिन्छ। हो, बेकारमा निर्दोष मानिसहरूको असमायीक वा अन्यायको मारमा परेर मर्नु न त ठिक देखिन्छ न त उचित नै देखिन्छ।

**हिजोमात्र होइन, यस संसारमा रहेसम्म हामीहरूले दुःखकष्टको बारेमा चुनौतिपूर्ण प्रश्नहरू खडा नै भइरहेको हुन्छ। छवर्षको नानी क्यान्सरले मर्छिन्, के त्यो न्यायोचित छ त? २०वर्षको कलेजको विद्यार्थी युवतीलाई कारबाट तानेर वा बसमा बलात्कार गर्छन्, त्यो कस्तो अत्याचार हो? केवल ३५ वर्षकी आमा आफ्ना तिन जना नानीहरूलाई छोडेर मोटर दुर्घट्नामा मर्छिन्, यो कस्तो कहालीलाग्दो बिपद हो? सन् २०११मा जापानको टोहोकु टापुमा भुकम्प गएर १९,००० मानिसहरू मरे भने (नेपालमा पनि सन् २०१५मा हजारौं मानिसहरू भुकम्पमा मरेका थिए, र अझै ठूलो आउन बाँकि नै छ भन्छन्)। के ती सबै मरेकाहरू दोषी भएर नै सजायँ पाएका हुन् त? यदि होइन भने तिनीहरूको अकालको मृत्युमा केही न्याय भएको देखिन्दैन।**

**यी प्रश्नहरू अत्यन्त जटिल छन्।**

## ४. आजको दिनको लागि पुग्छ.....(उत्पत्ति ४:८)

देहायका पदहरूमा अकालमा मृत्युहरूको बारेमा उल्लेख गरिएको छ। तिनीहरूको विवरण हेर्दा तिनीहरूको निम्ति तिनीहरूको जीवन के रमाइलोसँग बितिएको थियो त? के तिनीहरूमा कतिपयले आफ्नो जीवन उचित तरिकाले दिर्घायु भएर बिताउन अवसर पाए त? तिनीहरू छिट्टो मर्नु वा दुःख पाउनुमा तिनीहरूको दोष के थियो? हेर्नुहोस्ः अय्यूब १:१४-२० " १४ एउटा समाचारवाहक कुदेर अय्यूबकहाँ आएर भन्यो, १५ "गोरुहरू जोतिरहेका र गधाहरू तिनीहरूका नजिकै चरिरहेकै बेला शबी जातिका शत्रुहरूले गोठालाहरूलाई आक्रमण गरेर मारे, र ती सबै लगे। अनि तपाईंलाई समाचार दिन म मात्र उम्कें। १६ त्यो बोल्दाबोल्दै अर्को समाचारवाहक आइपुग्यो।

त्यसले भन्यो, “परमेश्‍वरको अग्नि स्वर्गबाट झरेर भेड़ाहरू र गोठालाहरूलाई भस्म पा-यो। अनि तपाईंलाई समाचार दिन म मात्र उम्कें।” १७ त्यो बोल्दाबोल्दै अर्को एक जना आएर भन्यो, “कल्दीहरूले छापा मार्ने तीन दल बनाए र तपाईंका ऊँटहरू आक्रमण गरी लगे। तिनीहरूले नोकरहरूलाई मारे र तपाईंलाई समाचार दिनलाई म मात्र उम्कें।” १८ त्यो मानिस बोल्दाबोल्दै एक जना आइपुग्यो र भन्यो, “तपाईंका छोराछोरीहरू आफ्ना जेठा दाजुको घरमा खानपान गर्दैथिए। १९ त्यसै बेला मरुभूमिबाट अचानक आँधीबेहरी आएर घरको चारै कुनामा हान्यो र त्यो घर ती जवान मानिसहरूमाथि ढलेर तिनीहरू सबैलाई थिचेर मा-यो। अनि समाचार दिन म मात्र उम्कें।” २० यो सुनेर अय्यूब उठे, र तिनले आफ्नो लुगा च्याते। तिनले आफ्नो कपाल खौरे।", उत्पत्ति ४:८ "कयिनले आफ्ना भाइ हाबिललाई भने, “आऊ, हामी बाहिर खेतमा जाऔं।” अनि जब तिनीहरू खेतमा थिए तब कयिनले आफ्ना भाइ हाबिलमाथि आक्रमण गरेर तिनलाई मारे।", प्रस्थान १२:२९,३० " २९ मध्यरातमा सिंहासनमा बस्ने फारो को जेठो छोरादेखि लिएर झ्यालखानमा हुने कैदीको जेठो छोरासम्म, सबै गाईबस्तुहरूका पहिले जन्मेकासमेत, मिश्रमा सबै पहिले जन्मेकाहरूलाई परमप्रभुले मार्नुभयो। ३० फारो, उनका सबै अधिकारीहरू, र सारा मिश्रीहरू राती नै उठे। मिश्रमा ठूलो रुवाबासी भयो, किनकि त्यहाँ एउटा नमरेको कुनै घर थिएन।", २ शमूएल ११:१६,१७ " १६ यसैकारण जब योआबले सहरलाई घेरा हालेका थिए, तब तिनले उरियाहलाई यस्तो ठाउँमा खटाइदिए, जुन ठाउँमा कड़ा मुकाबिला हुनेछ भनी तिनलाई थाहा थियो। १७ सहरका मानिसहरूले एक्कासि निस्केर योआबसँग लड़ाइँ गर्न लागे,र दाऊदका केही सिपाहीहरू मारिए। हित्ती उरियाह पनि मारियो।",यर्मिया ३८:६ " ६ यसैले तिनीहरूले यर्मियालाई लगे, र राजकुमार मल्कियाहको पानीको इनार, जो गारदको चोकमा थियो, त्यसमा डोरीले सुर्काएर हालिदिए। यस इनारमा पानी थिएन तर हिलो मात्र थियो। अनि यर्मिया त्यस हिलोमा भासिए।", मत्ती १४:६-१० " ६ तर जब हेरोदको जन्मदिन आयो, तब हेरोदियासकी छोरीले तिनीहरूका बीचमा नाचेर हेरोदलाई प्रसन्न तुल्याईं। ७ त्यसो हुँदा तिनले त्यसलाई जे मागे पनि दिने शपथ खाएर प्रतिज्ञा गरे। ८ तर त्यसकी आमाले सिकाएकी हुनाले त्यसले भनी, “बप्तिस्मा-दिने यूहन्नाको शिर मलाई यहीं थालमा दिनुहोस्।” ९ तब राजा शोकित भए तापनि आफ्नो शपथ र अतिथिहरूको कारण तिनले त्यसै गर्ने हुकुम दिए, १० र तिनले

कारागारमा यूहन्नाको शिर काट्न लगाए।" र हिब्रू ११ः३२-३८ " ३२ अरू बढ़ी म के भनूँ किनकि गिदोन, बाराक, शिमशोन, यिप्ताको बारेमा, र दाऊद, शमूएल र अगमवक्ताहरूका विषयमा भनिरहन मलाई समय छैन– ३३ जसले विश्वासद्वारा राज्यहरू कब्जा गरे, न्याय स्थापना गरे, प्रतिज्ञाहरू हासिल गरे, सिंहका मुखहरू थुनिदिए, ३४ आगोका ज्वालाहरू निभाए, तरवारका धारबाट उम्के, कमजोरीबाट बलिया भए, युद्धमा वीर भए, विदेशीहरूका फौजलाई भगाए। ३५ स्त्रीहरूले आफ्ना मरेकाहरूलाई पुनरुत्थानद्वारा जीवित पाए। अरूहरूले मृत्युपछि अझ उत्तम जीवन प्राप्त गर्नलाई छुटकारा इन्कार गरेर बरु सास्ती भोगे। ३६ अरूहरूले गिल्ला, कोर्राबाजी, बन्धन र कैद पनि भोग्नुपऱ्यो। ३७ तिनीहरूलाई ढुङ्गाले हाने। तिनीहरू करौंतीले चिरिए। तिनीहरू तरवारले मारिए। भेड़ा र बाख्राका छालाहरू लाएर कङ्गाल भई क्लेश र दुःख पाएर तिनीहरू यताउता डुलिहिँड़े। ३८ संसार तिनीहरूका निम्ति योग्यको थिएन। मरुभूमि, पहाड़हरू, गुफाहरू र पृथ्वीका ओड़ारहरू हुँदो तिनीहरूलाई घुमिहिँड्नुपऱ्यो।"

यस पापी संसारमा जोसुकै किन नहोस् मानिसहरूको जीवन रुखो, संघर्षमय र कष्टकर जीवन बिताउन वाध्य हुनुपरेको बाइबलले नकार्दैन। त्यसले गर्दा खराब, दुष्टपना र पीडा क्षणिक वा काल्पनिक नभएर वास्तविक हो भन्ने तिती सत्यलाई स्वीकार्नुको बिकल्प कसैलाई छैन। कतिपय मानिसहरूले परमेश्वरलाई विश्वास गरे सबै कुरा ठिक ठिक हुन्छ, असल हुन्छ र न्यायोचित हुन्छ भनेर उहाँसँग टासिन जान प्रयास गर्छन् तर बाइबललाई सरसरती हेरियो भने त्यो अपेक्षा गलत हुन् भनेर थाहा पाउन सकिन्छ। हामी परमेश्वरमा निष्ठावान भएर बस्यौं भने कुनै दुःख आउँदैन भनेर कतिपयले आश्वासन दिन्छन्, त्यो पनि गलत धारणा हो। निःसन्देह, परमेश्वरमा निष्ठावान भएर बसियो भने ठूला ठूला इनामहरू वा संतुष्टी जीवन पाइन सक्छ भनेर पनि नकार्न सकिन्दैन। तर त्यसको अर्थ यो होइन कि परमेश्वरमा निष्ठावान भएर बसियो भने हामीले स्वःत सुरक्षाकवच पहिरिन्छौं र हामीमाथि कुनै हानी, पीडा, दुःख आदि आउँदैन। त्यसको पुष्टि गर्न अय्यूबलाई सोध्नुहोस्।

डाँडामा आफूले दिनुभएको प्रभावकारी उपदेशमा येशूले हामीहरू परमेश्वरमाथि भरोसा राख्न जरुरी छ र के खाने, के पिउने, के लगाउने भनेर चिन्ता नगर्नु भनेर सम्बोधन गर्नुभएको थियो। प्रकृतिबाट उदाहरण लिएर

हामीले हामीहरूको आवश्यकताको परिपूर्तीको निम्ति परमेश्वरको भलाईमा भरोसा राखेर किन चल्नुपर्छ भनेर उहाँले स्पष्टरूपमा सिकाउनुभएको थियो। अनि उहाँ भन्नुहुन्छः "भोलीको निम्ति सुर्ता नगर। भोलीले भोलीको निम्ति आफै सुर्ता गरिनेछ। प्रत्येक दिनमा आउने खराब तथा बिघ्न बाधाहरू प्रत्येक दिनलाई नै पुग्छ।" (मत्ती ६:३४ रूपान्तरित)।

याद गर्नुहोस्, "प्रत्येक दिनमा आइरहने खराबहरू त्यस दिनको निम्ति नै पर्याप्त छ।" (मत्ती ६:३४ रूपान्तरित)। हामीहरूको दैनिक जीवनमा वा खराबै दिनमा किन नहोस् उहाँको उपस्थिति हामीहरूमा हुँदैन भनेर भनिरहनुभएको छैन। यदि उहाँले हाम्रो निम्ति केही नै गरिरहनुभएको छ भने त्यो भन्दा बिपरित काम अर्थात् हामीहरूको भलाईको निम्ति काम गरिर्हुनभएको हुन्छ। तर दैनिक जीवनमा खराबहरूको बारेमा हामीहरूलाई उहाँले सतर्क गराउनुभएको थियो। के उहाँ हाम्रो खिलाफमा जानुहुन्छ र? हामीहरूको प्रभु हुनुभएकोले हामीहरूमा आउने बिघ्नवाधा तथा खराबहरू हामीहरूलाई भन्दा उहाँलाई बढ्ता ज्ञान छ। साथै यस संसारमा हुने अन्याय अत्याचार र खराबीहरू हामीहरू मध्येमा कसलाई त्यत्तिको थाहा छैन र?

**जीवन न्यायोचित छैन, वा रमाइलो नै रमाइलो गरि नबिति अन्यायपूर्वक र तितो भएर जिउनु पर्नेमा हामीमध्ये कसलाई थाहा छैन र? यस संसारमा हामीहरूको दैनिक जीवनमा आउने वा आइरहने खराब तत्वको बारेमा येशूले गर्नुभएको सतर्कतालाई गर्दा हामीमा हुनुपर्ने सान्त्वना र बल कसरी प्रदान गर्दछ?**

## ५. नदेखिने कुरा (हितोपदेश ३:५)

हितोपदेश ३:५-८ अत्यन्त लोकसम्मत उपदेश हो। जुन् विषयबस्तुलाई मध्य नजर राखेर हामीले यस पुस्तकमा अध्ययन गरिरहेका छौं त्यस विषयलाई सुहाउँदो महत्त्वपूर्ण सन्देश उक्त हितोपदेशमा के छ? हेर्नुहोस्: "५ आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख्नु र तिम्रो आफ्नै समझशक्तिमा भर नपर्नु ६ आफ्ना सारा मार्गमा उहाँलाई सम्झ, र उहाँले तिम्रा मार्गहरू सोझा तुल्याइदिनुहुनेछ। ७ आफ्नै नजरमा बुद्धिमान् नहोऊ, परमप्रभुको भय मान् र दुष्कर्मलाई त्याग्। ८ यसले तिम्रो शरीरलाई स्वस्थ तुल्याउनेछ र तिम्रो हड्डीको लागि पोषण दिनेछ।"

अय्यूबको दुःख र पीडाको मामिलालाई हेर्दा उनी मानव कष्टको पराकाष्टा वा चरमसिमामा पुगेको व्यक्तिको नमुना देखिन्छ। तर मानव दुःख यस संसारमा वास्तविक र भयानक छ भनेर त्यसले देखाउँछ। यो तथ्य थाहा पाउन बाइबल र अरू कथाहरू पढ्नुपर्दैन। हामीहरूको जीवनको वरिपरि ती अवस्थाहरूले घेरिरहेका हुन्छन्। साँच्चैं भनौं भने हामी मानव पीडाको खाल्डोमा नै परिरहेकाछौं।

"तिनीहरू (मानिसहरू) केवल केही दिनहरूमात्र जिउँदछन्। तिनीहरूको जीवन समस्या नै समस्याले भरिएका छन्। तिनीहरू फूलहरू जस्तै फुल्दछन् र अनि ओइलाएर जान्छन्। तिनीहरू छायाँ जस्ता बिलाएर जान्छन्" (अय्यूब १४:१,२ रूपान्तरित)।

त्यसकारण फेरि हामी त्यही प्रश्नसँग संघर्ष गरिरहेका छौं, संसारमा भएका दुःखकष्ट कसरी हामीले व्याख्या गर्ने? विशेष गरेर निर्दोष र अनजान मानिसहरूको दुःखको औचित्य के? यस संसारमा निर्दोषहरूको रगत किन बगिरहन्छ?

जसरि हामीलाई अय्यूबको पुस्तकको सुरूमा देखाइयो र बाइबलको अन्त भागहरूले पनि देखाउँछ, शैतानको अस्तित्व वास्तविक हो र प्रायजसो धेरै दुःखकष्टको कारण त्यही अदृष्य शक्ति शैतान हो। परमेश्वर र शैतानको बीचमा चर्किरहेको महान् विवादको युद्ध (को भन्दा को ठिक)को विषयवस्तुले यस संसारमा भइरहेको खराबी तत्वको बारेमा बुझ्न कसरी सहयोग गर्छ भनेर यस पुस्तकको सुरूमा हामीले हेऱ्यौं।

तैपनि, जे हुन्छ त्यो किन भयो भनेर बुझ्न बेलाबेलामा गाऱ्हो भएको महसुस गरिरहेका छौं। कतिपय समयमा जे हुन्छ त्यो न्यासङ्गत नभएको हामी पाउँछौं। जे भइरहेको छ त्यो बुझ्न कठिन समयमा हामीहरूको ध्यान परमेश्वरको असल स्वभावतिर फर्काउनु पर्छ र उहाँमाथि भरोसा राख्न कोशिश गर्नुपर्छ। प्रश्नको जवाफ स्पष्टसँग नआएतापनि हामी परमेश्वरमा भरोसा राख्न सिक्नुपर्छ। हामीहरूमा होस् वा हामीहरूको वरिपरि होस् जब खराब तत्वहरूले हमला गर्छन् र मानिसहरू सङ्कष्ट भोगिरहन्छन् जसको कुनै अर्थ नै छैन त्यसबेला हामीले परमेश्वरमा भरोसा राख्नुको बिकल्प छैन।

**हिब्रू ११:१ यसरी पढिन्छः "विश्वास अर्थात् निष्ठामा अडिग भएर बस्नुको अर्थ हामीले जे आशा गरेका छौं त्यसमा निसङ्कोच भएर बस्नु हो। हामीले नदेखेतापनि त्यो हुन्छ भन्ने आशालाई पकडि राख्ने खुबी हुनु नै**

**विश्वासको परिभाषा हो" (रूपान्तरित)। जुन कुराहरू हामी देख्छौं त्यसले गर्दा नदेखेको कुरामाथि पनि विश्वास गर्न हामीले कसरी सिक्ने? अहिलेसम्म हामीले अय्यूबको बारेमा जेजति अध्ययन गऱ्यौं त्यसमा अय्यूबले के गर्न सिकेका थिए? हामी पनि अय्यूबकै मनस्थितिमा कसरी रहने?**

## उपसंहारः

यस अध्यायको सुरूमा हामीले अलबर्ट कामुसलाई पिरोलेको कुरालाई उल्लेख गरेका थियौं। आफूले जान्न चाहेको प्रश्नको जवाफ पाउन उनले धेरै प्रयास गरेका थिए। साधारणरूपमा यस जीवनको अर्थ र मानिस किन दुःख पाउँछन् भन्ने प्रश्नसँग उनी संघर्ष गरेर आफ्नो पुस्तक लेखेका थिए। प्रायजसो सबै नास्तिकहरूले जस्तै उनले त्यसको जवाफ पाएका थिएनन्। उनको अत्यन्त प्रख्यात युक्तिले उनलाई त्यसबारेमा कतिको कमी थाहा थियो भनेर देखाउँछः "यस संसारमा केवल एउटामात्र सही तर्कसम्मत समस्या छ। त्यो हो आत्महत्या। मानिसको जीवन अर्थपूर्ण छ वा छैन भनेर जवाफ खोज्न त्यही तर्क वा दर्शनमा आधारित मूल्याङ्कनमा भरपर्दछ।"-*मिथ फ्रम सिसिफस एण्ड अदर एसेज्,* (न्यु योर्कः भिन्टाज बुकस्, १९५५) पृ. ३बाट रूपान्तरित। निश्चय नै मानव कष्टको जवाफ पाउन त्यति सजिलो छैन। अय्यूबको पुस्तकले त्यस्तो पर्दा उघारिदिन्छ जसले मानव कष्टको बारे ठूलो चित्रलाई खोलेर देखाउँछ, जुन् अरू पुस्तकहरूमा पाइन्दैन। हुनत हामीले अय्यूबको पुस्तक सबै पढेतापनि कतिपय प्रश्नहरूको जवाफ पाउन बाँकि नै भएको हामी पाउँछौं।

मानव दुःखको बारेमा महत्त्वपूर्ण प्रश्नको जवाफ पाउन संघर्ष गरिरहनेमा परमेश्वरलाई विश्वास गर्ने र नगर्नेको बीचमा भारी अन्तर छ। यो पनि तितो सत्य हो कि हामीहरूको जीवनमा परमेश्वरको उपस्थितिलाई विश्वास गर्दा पनि हामी दुःख कष्ट र पीडाले घेरिनुपर्दा त्यसको जवाफ पाउन हामीलाई असजिलो र कठिन भएको महसुस गर्दछौं। तर कामुस जस्तो नास्तिकहरूले नपाएको जवाफहरू हामीसँग छन् जुन् हामीले बाइबलबाट पाएका छौं। (भनिन्छ पछिल्लो जीवनमा कामुस इसाई भएका थिए र उनले बप्तिस्मा लिन चाहेका थिए तर उनको असमायीक मृत्यु मोटर दुर्घट्नामा भएको थियो)। हामीमा यो आशा छ कि "परमेश्वरले सबै आँशुहरू तिनीहरूको आँखाबाट पुछि दिनुहुनेछ। मृत्यु र शोक त्यहाँ कहिलै पनि

हुनेछैन। कोही पनि दुःख र पीडामा हुनेछैन न त कोही रुने नै हुन्छ। जसरी पहिला भएका थिए त्यो स्थिति फेरि कहिलै पनि दोहोरिनेछैन" (प्रकाश २१:४ रूपान्तरित)। कसैले बाइबलमा भएका प्रतिज्ञाहरूमा विश्वासै नगरेतापनि यदि तिनीहरूमा कमसेकम त्यस्तो आशामात्र भएको भएतापनि तिनीहरूको जीवन कस्तो असल हुने थियो भनेर तिनीहरूले स्वीकार गरे तिनीहरूको निम्ति असल हुनेछ। यदि त्यस आशामा जिउन सकियो भने तिनीहरूको जीवन यहाँ असल र अर्थपूर्ण हुनेछ र सदा मर्नको निम्ति यस जीवनमा संघर्ष र कडा परिश्रम गर्नु अर्थहिन हुनेछ भनेर तिनीहरूले थाहा पाउनेछ।

**चिन्तनमनन:**

**यस संसारमा खराब तत्वहरू त छन् नै तर खराबहरूभन्दा असलहरू धेरै छन् भनेर कतिपयले तर्क गर्छन्। तर खराबभन्दा असलहरू धेरै छन् भनेर कसरी थाहा पाउने? त्यसको तुलना कसले र कसरी गर्ने? फेरि त्यो सत्य नै भएतापनि अय्यूब र अरू दुःख पाइरहनेहरूको निम्ति उक्त जवाफले के सान्त्वना दिन्छ र? यस संसारमा कुनै किसिमको असल र खराबको बीचमा संतुलन ल्याउने कुरा बेकारको छ भनेर जर्मनको दार्शनिक अर्थर सोपनहौरले व्यक्त गरेका छन्। उनले लेख्छन्: "यदि संसारमा खराबभन्दा रमाइला कुराहरू धेरै छन् रे र आनन्द र पीडाको बीचमा कुनै संतुलन नै छ रे? यदि छ भने ती मानिसहरूलाई दुई पशुहरूको भावनासँग तुलना गरुन्, एउटा जन्तुले अर्को जन्तुलाई खाइरहेको छ।" खराबभन्दा असले धेरै छन् भनेर तर्क गर्नेहरूलाई तपाईंले कसरी जवाफ दिने?**